# बराहक्षेत्र नगरपालिका तीन पाङ्ग्रे ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पिडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न, सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई सरल एवं सुलभ यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुदृढ तथा प्रभावकारी बनाउन बाञ्छनिय भएकाले,

नेपालको संविधान २०७२ को अनुसूची ९ को साझा अधिकार, प्रदेश नं. १ को प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १४ को उपदफा (२) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (ट) र १०२ को उपनियम (२) बमोजिम यो कार्यविधि जारी गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिका तिन पाङ्ग्रे ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यपालिका" भन्नाले बराहक्षेत्र नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बराहक्षेत्र नगरपालिको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ग) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने विद्युतिय तीन पाङ्ग्रे ई-रिक्सा सम्झनु पर्छ ।

(घ) "सवारीको वजन" भन्नाले सवारीको बजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाण-पत्रमा लेखिएको कुल भार क्षमता समेतलाई जनाउँछ ।

(ङ) "सवारी" भन्नाले तीन पाङ्ग्रे ई-रिक्सा सम्झनु पर्छ ।

(च) “यातायात सेवा” भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाँउबाट अर्को ठाँउसम्म यात्रीलाई ओसार पसार गर्ने कार्य सम्झनु पर्छ ।

(छ) “यात्री” भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) “यात्रीबाहक सवारी” भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने तीन पाङ्ग्रे ई-रिक्सा सार्वजनिक सवारी सम्झनु पर्छ ।

(झ) “चालक अनुमति पत्र” भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमति पत्र सम्झनु पर्छ ।

(ञ) “चालक” भन्नाले सवारी चालक अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ट) “सुरक्षाकर्मी” भन्नाले यात्री मालसमान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ ।

(ठ) “बीमा” भन्नाले सवारी, यात्री, चालक तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनु पर्छ ।

(ड) “सवारी धनी” भन्नाले सवारी दर्ताको प्रमाणपत्र (ब्लु बुक) मा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ ।

(ढ) “नेपाल प्रहरी” भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनु पर्छ ।

(ण) “ट्राफिक प्रहरी” भन्नाले नेपाल प्रहरी संगठन अर्न्तगत प्रदेश ट्राफिक प्रहरी सम्झनु पर्छ ।

(त) “नगर प्रहरी” भन्नाले बराहक्षेत्र नगरपालिकाबाट नियुक्ति पाएका प्रहरी सम्झनु पर्छ।

(थ) “सडक क्षेत्र” भन्नाले बराहक्षेत्र नगरपालिका भित्रका पक्की तथा ग्रावेल सडक सम्झनु पर्छ ।

(द) “सवारी चलाउने ईलाका” भन्नाले बराहक्षेत्र नगरपालिका क्षेत्रभित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## सवारी दर्ता सम्बन्धी व्यवस्था

**३. सवारी दर्ता गराउनु पर्ने :** (१) नगरपालिका क्षेत्रभित्र तीन पाङ्गे ई-रिक्सा दर्ताका लागि सवारी धनीले तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी खरिद गरेको ३५ दिनभित्र बराहक्षेत्र नगरपालिकाको कार्यालयमा दर्ता अधिकारी समक्ष निवेदन दर्ता गराउनु पर्नेछ।
(२) दफा ३ को उपदफा (१) बमोजिम सवारी दर्ता गराउनु पर्ने भएमा त्यस्तो सवारी नेपालभित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा निवेदन सहित दरखास्त दिनु पर्नेछ।

(३) सवारी दर्ता निवेदन फाराम अनुसूची-१ बमोजिम हुनेछ।

(४) संयुक्त दर्ता : सवारी साधन संयुक्त रुपमा दर्ता गर्न सकिनेछ।

(५) सवारी दर्ता गर्दा वातावरण प्रदुषण सम्बन्धी जाँच गराउनु पर्नेछ।

(६) सवारी २० वर्ष सम्म मात्र नविकरण गर्न सकिनेछ।

(७) निजी प्रयोजनका लागि दर्ता हुन आउने सवारी दर्ताको अभिलेख अनुसूची-२ बमोजिम र सार्वजनिक प्रयोजनका लागि दर्ता हुन आउने सवारी दर्ताको अभिलेख अनुसूची-३ बमोजिमको दर्ता रजिष्टरमा राखिनेछ।

**४. सवारी दर्ता दस्तुर :** (१) ई-रिक्सा सवारी दर्ता दस्तुर रु. १,५००/- हुनेछ।
(२) दफा ४ को उपदफा १ बमोजिम महिलाको नाममा दर्ता हुने सवारी दर्तामा १५ प्रतिशत छुट हुनेछ।
(३) सवारी दर्ता प्रमाण पत्र हराएमा ईलाका/ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित रु. ५००/- दस्तुर लिई प्रतिलिपी लिनुपर्नेछ।

**५. सवारीको दर्ता मान्यता :** (१) बराहक्षेत्र नगरपालिका भित्र दर्ता भएको सवारीलाई मान्यता दिईनेछ। तर अन्य सरकारी निकायमा दर्ता भई यस नगरपालिकामा नयाँ दर्ताको लागि निवेदन दिन आएमा दर्ता सरहको दस्तुर लिई नयाँ नम्बर कायम गरिदिनु पर्नेछ।

(२) बराहक्षेत्र नगरपालिकामा सवारी दर्ता नगरी नगर क्षेत्र भित्र सवारी चलाउन पाईने छैन ।

**६. दर्ता प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ३ बमोजिम कुनै सवारी दर्ता गराउनको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा सात दिनभित्र त्यस्तो सवारी दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

**७. दर्ताको प्रमाणपत्र नविकरण :** (१) अनुसूची-५ बमोजिमको ढाँचामा नविकरण सम्बन्धी निवेदन दिन आएमा नयाँ दर्ताको ५० प्रतिशत दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाँचामा अभिलेख राखी नविकरण गरिदिनु पर्छ ।

(२) नविकरण अवधी १ वर्षको हुनेछ ।

(३) म्याद समाप्त भएको मितिले ३५ दिन भित्र आएमा जरिवाना दस्तुर नलाग्ने, ३६ औं दिनदेखि ३ महिनासम्म ३५ प्रतिशत र त्यस पश्चात ५० प्रतिशत थप जरिवाना लिई नविकरण गरिदिनु पर्नेछ ।

(४) पाँच वर्षसम्म नविकरण नगरिएको सवारी साधनको दर्ता स्वतः खारेज भएको मानिने छ । पुनः दर्ता गराउन आएमा (शुरु दर्ता) दस्तुर लिई गराउनु पर्नेछ ।

**८. ठाँउसारी वा नामसारी सम्बन्धी व्यवस्था :** (१) बराहक्षेत्र नगरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाँउसारी आउन वा अन्यत्र जान सहमति दिन रु. १०००/- दस्तुर लिई दिन सक्नेछ ।

(२) ठाँउसारी वा नामसारी गराउनु पर्ने सवारी साधनको नविकरण र नामसारीको दस्तुर तिर्नु पर्नेछ ।

(३) उपदफा ४ बमोजिमका व्यक्तिले कार्यालयमा स्वयम् उपस्थित भई नामसारी गरिदिन सक्नेछ ।

(४) फर्म वा व्यक्तिको नाममा नामसारी गर्दा कानुन बमोजिमका अन्य कागजातहरु संलग्न गरि अनुसूची-७ बमोजिमको नामसारी आवेदन दिनु पर्नेछ ।

(५) नामसारी रजिष्टर अनुसूची-८ बमोजिम हुनेछ ।

(६) ठाँउसारी रजिष्टर अनुसूची-९ बमोजिम हुनेछ ।

**९. सवारी दर्ता किसिम :** (१) सार्वजनिक सवारी साधनको दर्ता ब.न.पा. ०१ ह ०००१ देखि ४९९९ सम्म नम्बर र कालो प्लेट हुनेछ ।

(२) निजी सवारी साधनको दर्ता ब.न.पा. ०२ स ०००१ देखि ४९९९ नम्बर र रातो प्लेट हुनेछ ।

(३) निजी सवारी साधनलाई सार्वजनिक सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु. १,०००/- लिई सार्वजनिक सवारी साधनको नम्बर कायम गरी दर्ता गरी दिनु पर्नेछ ।

(४) सार्वजनिक सवारी साधनलाई निजी सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु. १,०००/- लिई निजी सवारी साधनको नम्बर कायम गरी दर्ता गरी दिनु पर्नेछ।

## परिच्छेद -३

## यातायात व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. बाटो निर्धारण गर्ने :** कार्यालयले उपयुक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा संचालन गर्न बाटो निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागी सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

**११. बाटो ईजाजत पत्रको लागी दरखास्त :** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले अनुसूची-१० ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष बाटो ईजाजत पत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनु पर्नेछ ।

**१२. बाटो ईजाजत पत्र दिनुपर्ने :** दफा ११ बमोजिम बाटो ईजाजत पत्रको लागि दरखास्त परेमा अनुसूची-११ बमोजिमको दर्ता किताबमा अभिलेख राखी अधिकार प्राप्त अधिकारीले अनुसूची-१२ बमोजिमको ढाँचामा बाटो ईजाजत पत्र दिनु पर्नेछ ।

**१३. बाटो ईजाजत पत्र नवीकरण :** दफा १२ को बमोजिमको बाटो ईजाजत पत्रमा लेखिएको म्याद नाघेको १५ दिन भित्र त्यस्तो बाटो ईजाजत पत्र नवीकरण गराईसक्नु पर्नेछ । बाटो इजाजत पत्र नवीकरणका लागि अनुसूची-१३ बमोजिमको दरखास्त पेश गर्नुपर्नेछ ।

**१४. बाटो इजाजत पत्रको प्रतिलिपि दिने :** (१) बाटो इजाजत पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिन भित्र सवारी धनी वा व्यवस्थापकले बाटो इजाजत पत्रको प्रतिलिपिको लागि अनुसूची-१४ ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजत पत्रको प्रतिलिपि दिनेछ।

**१५. पटके बाटो ईजाजत :** सवारी धनी वा व्यवस्थापकले विशेष काम परी ईजाजत पत्रमा लेखिए बाहेक अन्यत्र जानुपरेमा निवेदन दिई बढीमा ७ दिनसम्मको लागि प्रति ५० कि.मि.को रु. १०० का दरले दस्तुर लिई बढीमा सात दिन सम्मको पटके ईजाजत दिन सक्नेछ ।

## परिच्छेद -४
## विविध

**१६. सिटभन्दा बढी यात्री राख्न नहुने :** (१) सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन ।

(२) सवारीको माथि सामान वा मानिस राख्न पाईने छैन ।

**१७. ट्राफिक संकेतको पालना गर्नुपर्ने :** चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरी सवारी चलाउनु पर्छ ।

**१८. सवारीको बीमा गराउनुपर्ने :** सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारी तथा यात्रीको तेश्रो पक्ष बीमा समेत गराउनु पर्नेछ ।

**१९. सवारी साधनको लागत कट्टा :** (१) दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नविकरण गर्न बाँकी भए नविकरण दस्तुर रु. ७५०/- थप दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ।
(२) सवारी लगत कट्टा रजिष्टर अनुसूची-१५ बमोजिम हुनेछ।

**२०. सवारी जाँचपास :** सार्वजनिक सवारी ई रिक्साले निवेदन दिई सवारी जाँचपास गराउनु पर्नेछ। सवारी जाँचपास दस्तुर रु. ५००/- हुनेछ।

**२१. दस्तुर समायोजन :** यस कार्यविधिमा माथि तोकिएका सम्पूर्ण शुल्क तथा दस्तुरहरु मिति २०८० आषाढ मसान्तसम्म यसै कार्यविधि बमोजिम हुने र त्यस पश्चात नगर सभाबाट स्वीकृत आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

**२२. अधिकार प्रत्यायोजन गर्न सक्ने :** यस कार्यविधि बमोजिम प्राप्त अधिकारहरु आफू मुनिका अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

**२३. क्षतिपुर्ति सम्बन्धी व्यवस्था :** तीन पाङ्ग्रे सवारी साधनबाट तेस्रो पक्षलाई पुग्न सक्ने हानी नोक्सानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**२४. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सकिनेछ।

**२५. बाझिएको हदसम्म अमान्य हुने :** यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, संघ र प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)**

## अनुसूची - १

## तीन पाङ्ग्रे सवारी दर्ताको आवेदन फाराम

मिति : ................................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी ।

विषय :- सवारी दर्ता आवेदन फाराम ।

महोदय,

निम्न लिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला।

(१) सवारी धनीको नाम :- (२) सवारीको किसिम :-

(३) सवारी निर्माण कम्पनीको नाम :- (४) सवारी बनेको साल :-

(५) मोडेल नं. :- (६) सिलिण्डर संख्या :-

(७) चेसिस नं. :- (८) हर्ष पावर (सि.सि.) :-

(९) सवारीको रंग :- (१०) सवारीको सिट/वजन क्षमता :-

(११) पेट्रोल/ डिजल :- (१२) खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-

(१३) भन्सार तिरेको प्रमाण :- (१४) सवारी खरिद भै आएको मिति :-

(१५) सवारी खरिद गरेका बिल प्रमाणहरु :- (१६) प्रयोग :-

(१७) चलाउने इलाका :-

निवेदक

नाम :-

ठेगाना :-

दस्तखत :-

फोन नं. :-

## कार्यालय प्रयोजनको लागि

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको दर्ता नं. :

दर्ता मिति :

माथि उल्लेखित सम्पूर्ण विवरणका साथै प्राविधिक प्रतिवेदनको सवारी दर्ता गर्न उपर्युक्त देखिएकोले निर्णयार्थ सेवा गर्ने ।

| | | |
|---|---|---|
| .............................. | ............................ | .............................. |
| निरीक्षण गर्ने प्राविधिकको सही | फाँटवालाको सही | दर्ता गर्ने अधिकारीको सही |

चक्रघट्टा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

**(दफा ३ को उपदफा ७ सँग सम्बन्धित)**

## अनुसूची-२

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

फोटो

## <u>सवारी दर्ता रजिष्टर</u>

सवारी दर्ता नं. : ब.न.पा. ०१ ह ............ नम्बर (कालो प्लेट)

(१) सवारी धनीको नाम :-

(२) सवारीको किसिम :-

(३) सवारी निर्माण कम्पनीको नाम :-

(४) सवारी बनेको साल :-

(५) मोडेल नं. :-

(६) सिलिण्डर संख्या :-

(७) चेसिस नं. :-

(८) हर्ष पावर (सि.सि.) :-

(९) सवारीको रंग :-

(१०) सवारीको सिट/वजन क्षमता :-

(११) पेट्रोल/ डिजल :-

(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-

(१३) भन्सार तिरेको प्रमाण :-

(१४) सवारी खरिद भै आएको मिति :-

(१५) सवारी खरिद गरेका बिल प्रमाणहरु :-

(१६) प्रयोग :-

(१७) चलाउने इलाका :-

| ...................... | .......................... | ........................ |
|---|---|---|
| प्राविधिक | शाखा प्रमुख | स्विकृत गर्ने अधिकारी |

**(दफा ३ को उपदफा ७ सँग सम्बन्धित)**

## अनुसूची-३

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

### सवारी दर्ता रजिष्टर

सवारी दर्ता नं. : ब.न.पा. ०२ स ................. नम्बर (रातो प्लेट)

(१) सवारी धनीको नाम :- (२) सवारीको किसिम :-

(३) सवारी निर्माण कम्पनीको नाम :- (४) सवारी बनेको साल :-

(५) मोडेल नं. :- (६) सिलिण्डर संख्या :-

(७) चेसिस नं. :- (८) हर्ष पावर (सि.सि.) :-

(९) सवारीको रंग :- (१०) सवारीको सिट/वजन क्षमता :-

(११) पेट्रोल/ डिजल :-

(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-

(१३) भन्सार तिरेको प्रमाण :-

(१४) सवारी खरिद भै आएको मिति :-

(१५) सवारी खरिद गरेका बिल प्रमाणहरु :-

(१६) प्रयोग :-

(१७) चलाउने इलाका :-

| | | |
|---|---|---|
| ............................ | ............................ | .......................... |
| प्राविधिक | शाखा प्रमुख | स्विकृत गर्ने अधिकारी |

**(दफा ६ को उपदफा १ सँग सम्बन्धित)**

## अनुसूची-४

## <u>तीन पाङ्ग्रे ई-रिक्सा सवारी दर्ताको प्रमाण पत्र ढाँचा</u>

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नोट : यो प्रमाणपत्र हराई कसैले भेट्टाएमा बराहक्षेत्र नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनहुन अनुरोध छ ।

सवारी दर्ता नं. :

सवारीको किसिम :

दर्ता मिति :

सवारी धनीको नाम :

वतन :

सिट क्षमता :

.................................... ....................................

सवारीधनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर

**नामसारी भएको**

मिति : .................................

(सवारी धनीको फोटो)

१. नाम, थर :

वतन :

विस्तृत विवरण :

| | | |
|---|---|---|
| सवारी धनीको हस्ताक्षर | पेश गर्नेको हस्ताक्षर | नामसारी गर्ने अधिकृतको हस्ताक्षर |

| सवारीको विस्तृत विवरण |
|---|
| १. कम्पनीको नाम : |
| २. सवारीको मोडेल : |
| ३. बनेको साल : |
| ४. सिलियडर संख्या : |
| ५. हर्ष पावर सि.सि. : |
| ६. चेसिस नम्बर : |
| ७. ईन्जिन नम्बर : |
| ८. सवारीको रङ्ग : |
| ९.चालक सहित सिट संख्या : |
| १०. पेट्रोल, डिजल : |
| ११.रेडियो छ, छैन : |
| १२. खरिद भै आएको मानिस वा कम्पनी : |
| १३. प्रयोग : |
| १४. चलाउनेको ईलाका : |
| १५. भन्सारको निस्सा : |

| सवारी नं. : प्रमाण पत्र नविकरण | | |
|---|---|---|
| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकृतको हस्ताक्षर |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| सवारी जाँचेको | | |
|---|---|---|
| जाँचको मिति | म्याद पुग्ने मिति | जाच्ने अधिकृतको हस्ताक्षर |
| | | |
| | | |
| | | |
| | | |
| | | |

चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

## सवारी धनीले ध्यान दिनुपनु पर्ने कुराहरु

१. करदाताले आफनो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नु पर्नेछ अन्यथा कानून बमोजिम जरिवाना लाग्नेछ ।

२. प्रमाणपत्र हराएमा, नासिए वा चोरिएमा सवारीधनीले सो कुरा उल्लेख गरी सम्बन्धीत ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेदन दिनु पर्नेछ ।

३. सवारी नम्बरप्लेट राख्दा सार्वजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनुपर्छ ।

४. यो प्रमाण पत्र हराई कसैले पाएमा बराहक्षेत्र नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहोला ।

५. यस कार्यालयको स्विकृत नलिई दर्ता प्रमाण पत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट, क्षमता, रङ्ग, ईन्जिन, च्यासिस तथा अन्य पार्टपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नुहुदैन ।

६. एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईने छैन ।

७. सवारी साधन कर तिर्नुपर्ने सवारीहरु स.द.प्र.प. नविकरण गर्दा वा सोको प्रतिलिपी लिदाँ नामसारी गर्दा नम्बर परिवर्तन गर्दा सवारी साधन कर अद्यावधिक गरेको हुनुपर्नेछ । साथै नामसारी, नम्बर परिवर्तन, हेरफेर आदी दर्ता सवारी साधन कार्यालयमा  ल्याउनु पर्दछ ।

८. दर्ता भएको सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी सधैका लागि विग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा  सवारीधनीले सो भएको मितिले ३० दिन भित्र दर्ता प्रमाण पत्र साथै राखी सवारीको लगत कट्टा गर्न निवेदन दिनु पर्नेछ ।

९. पाँच वर्षसम्म नविकरण नगरिएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पुनः दर्ता (शुरु दर्ता) गराउनु पर्दछ ।

चक्रघट्टा, सुनसरी

**(दफा ७ को उपदफा १ सँग सम्बन्धित)**

**अनुसूची-५**

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

**सवारी नविकरण निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरी ।

विषय :- सवारी नविकरण आवेदन ।

महोदय,

निम्न लिखित विवरण बमोजिम तीन पाङ्ग्रे ई-रिक्सा नविकरण गर्न लाग्ने दस्तुर तिरेको रसिद र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

(१) सवारी धनीको नाम :-

(२) सवारीको किसिम :-

(३) सवारी निर्माण कम्पनीको नाम :-

(४) सवारी बनेको साल :-

(५) मोडेल नं. :-

(६) सिलिण्डर संख्या :-

(७) चेसिस नं. :-

(८) हर्ष पावर (सि.सि.) :-

(९) सवारीको रंग :-

(१०) सवारीको सिट/वजन क्षमता :-

(११) पेट्रोल/ डिजल :-

(१२) ई-रिक्सा /अटो रिक्सा :-

निवेदक

नाम :-

ठेगाना :-

दस्तखत :-

फोन नं. :-

**(दफा ७ को उपदफा १ सँग सम्बन्धित)**

**अनुसूची-६**

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

**<u>सवारी नविकरण रजिष्टर</u>**

| क्र.स. | नविकरण गर्ने कार्यालयको नाम | सवारीको नम्बर | नविकरण मिति | नविकरण अवधी | नविकरण दस्तुर र मिति | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(दफा ८ को उपदफा ४ सँग सम्बन्धित)

## अनुसूची-७

## सवारी नामसारी आवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बराहक्षेत्र  नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चक्रघट्टी, सुनसरी ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो एकलौटी हकभोग रहेको ई.नं.................. च्या.नं.................. भएको अं.................... नं. को ............................. लाई मैले/हामीले निम्न लिखित नाम, थर ठेगाना भएको व्यक्ति/व्यक्तिहरुलाई साक्षी किनारामा राखी विक्रि गरी दिएको हुनाले उक्त सवारी दिंदा निजहरुको भागमा नामसारी गरी दिनहुन अनुरोध गर्दछौं । माथिको व्यहोरामा फरक पारी विक्री गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप                    विक्री लिलाम/उपहार/वकल गरी दिने सही

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम, थर :.................................... वर्ष : ................
ठेगाना :................ प्रदेश : ............ जिल्ला ..............
वडा नं. ......... टोल ......... फोन नं. .................
बाबु/पतिको नाम : .........................................
बाजेको नाम : ..............................................

उल्लेख भए बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्तिहरु फर्म/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/वकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको हरे यो नामसारी वदर भएमा कानून बमोजिम दण्ड सजाय परेमा सहन बुझाउन तरखत छु/छौं ।

औंठाको छाप          खरिद गर्ने/लिलाम सकार गर्ने/उपहार/वकस पठाउनेको सही

नाम, थर : ............................. वर्ष : ..........................

ठेगाना :................ प्रदेश : ............ जिल्ला ..............

| दायाँ | बायाँ |
|---|---|
| | |

वडा नं. .......... टोल ......................... फोन नं. ...........................

बाबु/पतिको नाम : ............................ बाजेको नाम : ....................................

**पेश भएको कागजपत्रहरु :**

१. लिनेदिने दुबैको नाम, ठेगाना : क) दिनेको जिल्ला ............. नागरिकता नं. ............

ख) लिनेको जिल्ला ......................... नागरिकता नं. ..............

२. सवारी आयकर तिरेको प्रमाण : क) सवारी आयकर बुझाएको कार्यालय :

ख) मिति : ....................... ग) अवधि : .................... घ) रसिद नं. ........

३. सार्वजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाण पत्र : क) दिने कार्यालय :

ख) पाएको क्षेत्र : .................... ग) पाएको मिति : ............... घ) अवधि : ..........

४. संस्था/फर्म कम्पनीको नाम लेनदेन भएको भए सम्बन्धीत पद :

क) पत्र संख्या च.नं. ............................... ख) मिति :..................................

५. वारेसनामा वा प्रतिनिध तोकी आएको भए सो पत्र प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपि :

६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं. :.........................................

७. श्रम ऐन २०४८ को दफा ४७ को उपदफा (१) को खण्ड (क) बमोजिम सम्बन्धीत कामदार वा कर्मचारीलाई तिर्नुपर्ने रकम बुझाएको प्रमाण :

८. अन्य प्रमाण : क) सवारी कागजात पत्र प्रमाण पत्र : ख) सवारी कागज प्रमाण पत्र

ईति सम्वत् २०.... साल ............... महिना ....... गते ....... रोज शुभम् ।

---

## <u>कार्यालय प्रयोजनको लागि</u>

## सवारी जाँचको प्रतिवेदन व्यहोरा

................................

सवारी जाँच्नेको सही

उपर्युक्त बमोजिम लेनदेन मञ्जुरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेश गरिसकेको हुदा नामसारी गरिदिनहुन पेश गरेको छु ।

**फाँटवालाको सही :** **नामसारी सदर गर्ने प्रमाणित गरिदिने अधिकारी सही :**

| | |
|---|---|
| नाम : | नाम, थर : |
| मिति : | मिति : |

नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

**(दफा ८ को उपदफा ५ सँग सम्बन्धित)**

## अनुसूची-८

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

फोटो

**सवारी नामसारी दर्ता रजिष्टर**

| क.सं. | साविक सवारी धनीको नाम र ठेगाना | नामसारी भई कायम भएको सवारी धनीको नाम ठेगाना | सवारी नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | नामसारी भएको मिति | नामसारी दस्तुर | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**(दफा ८ को उपदफा ६ सँग सम्बन्धित)**

## अनुसूची-९

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी ।

**सवारी ठाँउसारी रजिष्टर**

| क.सं. | ठाँउसारी गर्ने कार्यालयको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | ठाँउसारी भई गएका/आएको स्थान | दस्तुर र मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**(दफा ११ सँग सम्वन्धित)**

## अनुसूची-१०

## बाटो ईजाजतको लागि दिईने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

बराहक्षेत्र नगरपालिका, सुनसरी ।

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो इजाजतपत्र पाउनको लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्रहरु राखी दरखास्त दिएको छु । नियमानुसार बाटोको इजाजतपत्र पाउँ ।

१. सवारी धनीको विवरण :

(क) सवारी धनीको नाम थर :

(ख) ठेगाना :

(ग) सवारी व्यवस्थापकको नाम थर :

(घ) सवारी व्यवस्थापकको ठेगाना :

२. सवारीको विवरण :

(क) सवारी नम्वर :

(ख) दर्ता मिति :

(ग) सवारीको किसिम :

(घ) सवारीको इन्जिन नम्वर :

(ङ) सवारीको चेसिस नं.:

(३) सवारीको बाटो इजाजतपत्र माग गरेको क्षेत्र वा बाटोको विवरण :

(क) (ख)

(ग) (घ)

४. यस अधि कुनै कार्यालयवाट बाटो इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण :

(क) पाएको बाटो :

(ख) इजाजतपत्र पाएको नम्वर र मिति :

(ग) बहाल अवधि :

(घ) इजाजत दिने कार्यालय :

(ङ) सहमति पत्र पाएको मिति :

दरखास्तवालाको सही :

नाम, थर :

ठेगाना :

मिति :

**कार्यालय प्रयोजनको लागि**

१. उक्त सवारीले माग गरेको बाटोको इजाजतपत्र दिन सकिने/नसकिने विवरण खुलाउनेः

(क) बाटो इजाजतपत्र दिने नसकिने भए सोको कारण खुलाउने :

(अ) (आ) (इ)

२. बाटो इजाजतपत्र नम्वर :

३. बाटो इजाजतपत्रको दस्तुर रु. ...... भौचर : रसिद नम्वर :

४. संलग्न कागज पत्रहरु :

५. अन्य विवरण :

बाटो इजाजत दिन सिफारिस गर्ने फाँटवालाको सही

बाटो इजाजत दिने अधिकारीको सही

**(दफा १२ सँग सम्वन्धित)**

## अनुसूची-११

## बाटो इजाजतपत्र दर्ता किताव

बराहक्षेत्र नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुनसरी ।

१. बाटो इजाजतपत्र नम्बर :

२. यस कार्यालयवाट प्राप्त शुरु वाटोको विवरण

(क) (ख) (ग) (घ)

३. यातायात सेवाको विवरण :

(क) यातायात सेवाको नाम :

(ख) यातायात सेवाको दर्ता नम्वर र मिति :

(ग) दर्ता गर्ने कार्यालय

(घ) यातायात सेवाको मुख्य कार्यालय रहेको स्थान र फोन नम्वर

४. सवारीको विवरण :

(क) सवारी नं. :

(ख) दर्ता मिति :

(ग) किसिम :

(घ) इन्जिन नम्वर :

(ङ) चेसिस नम्वर :

(च) मोडेल र निर्माता कम्पनि :

(अ) मोडेल : (आ) निर्माता कम्पनि : (इ) वनेको साल :

(छ) सवारीको वजन क्षमता :

(आ) कुल वजन : (आ) भार बहन क्षमता : (इ) सिट क्षमता :

(ज) अन्य :

५. सवारी धनी र सञ्चालन सम्वन्धि विवरण :

(क) सवारी धनीको नाम थर :

(ख) सवारी धनीको ठेगाना :

(ग) सवारी व्यवस्थापक वा सञ्चालकको नाम थर

(घ) सवारी व्यवस्थापक वा सञ्चालकको ठेगाना :

६.जाँचपास सम्बन्धी विवरण :-

(क) जाँचपास भएको मिति र अवधि :-मिति :- अवधिः-

(ख) जाँचपार गरिदिने कार्यालय :-

७. सवारी बिमा सम्बन्धी विवरण :-

(क) सवारी बिमा :-

(अ) बिमा भएको मितिः- (आ) अवधिः- (इ) बिमा गर्ने कम्पनि वा निकाय

८. सवारीमा काम गर्ने कर्मचारीको विवरण :-

(क) चालकको नाम, थर, ठेगाना र अनुमति पत्र नम्बर -

९.सवारी नचलेको समय वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान :-

१०.यस अघि बाटो इजाजतपत्र पाएको भए सोको विवरण अवधि र दिने कार्यालयः-

११.अन्य विवरणः-

कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

**(दफा १२ सँग सम्वन्धित)**

# अनुसूची-१२

## वाटो इजाजत पत्रको ढाँचा

इजाजत दिने अधिकारीको नाम :

दर्जा :

दरखास्त :

मिति :

चेसिसको लम्वाई :

इन्जिन नम्वर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनि वा संस्थाको नाम र ठेगाना:

वडी तयार गर्ने कारखानाको नाम र ठेगाना :

इजाजत पत्र नं.:

सवारीको किसिम :

सवारी धनी वा व्यवस्थापकको नाम :

**(दफा १३ सँग सम्वन्धित)**

## अनुसूची-१३

## बाटो ईजाजतको नविकरणका लागी दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
बराहक्षेत्र नगरपालिका, सुनसरी ।

निम्न विवरण भएको सवारीको निम्नानुसारको बाटो इजाजतपत्र नविकरण गरी पाउनका लागि लाग्ने दस्तुर र आवश्यक कागजात यसै साथ संलग्न राखी दरखास्मत दिएका छु/छौं । नियमानुसार बाटो इजाजतपत्र नविकरण गरि पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना :

२. सवारी धनीको नाम र ठेगाना :

३. सवारी व्यवस्थापनको नाम र ठेगाना :

४. सवारी दर्ता नम्बर :

५. सवारीको किसिम :

६. सवारीको बाटो इजाजतपत्र नम्वर :

७. सवारीको बाटो इजाजतपत्र नविकरण गर्नुपर्ने क्षेत्र :

(क) (ख) (ग) (घ)

८. साविक बाटोमा थपघट भएको भए सोको विवरण:

(क) (ख)

९. बाटो इजाजतपत्रको बहाल अवधि :

१०. बाटो इजाजत नविकरण गर्नु पर्ने अवधि ........... देखि ................. सम्म

११. सवारी विमा सम्वन्धि विवरण :

(क) सवारी विमा :

(अ) विमा भएको मिति : (आ) अवधि : (इ) विमा गर्ने कम्पनि वा निकाय

(ख) यात्रु विमा :

(अ) विमा भएको मिति :  (आ) अवधि :  (इ) विमा गर्ने कम्पनि वा निकाय

(ग) मजदुर विमा :

(अ) विमा भएको मिति :  (आ) अवधि :  (इ) विमा गर्ने कम्पनि वा निकाय

(घ) तेश्रो पक्ष विमा :

(अ) विमा भएको मिति :  (आ) अवधि :  (इ) विमा गर्ने कम्पनि वा निकाय

नाम थर :

ठेगाना :

मिति :

चक्रघट्टा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

**(दफा १४ सँग सम्वन्धित)**

**अनुसूची-१४**

## बाटो इजाजत पत्रको प्रतिलिपिका लागी दिइने दरखास्त

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

बराहक्षेत्र नगरपालिका, सुनसरी ।

| टिकट |
|---|
| |

यस कार्यालयबाट प्रदान गरिएको सवारी नम्वर ........... को बाटो इजाजत पत्र नम्वर ........... नासिएको/हराएको/झुत्रो भएकोले उक्त बाटो इजाजतपत्रको प्रतिलिपि पाउन निम्न प्रमाणपत्र सक्कल र प्रतिलिपि संलग्न राखी यो दरखास्त पेश गरेको छु । व्यहोरा साँचो हो झुट्ठा ठहरे कानून वमोजिम सहुँला/बुझाउँला ।

१. सवारी नम्वर :

२. बाटो इजाजतपत्र नम्वर :

३. जाँचपास प्रमाणत्र :

४. ट्राफिक प्रहरी कार्यालयको पत्र :

५. अन्य प्रमाण :

दरखास्तवालको  सही : नाम थर :

ठेगाना : मिति :

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

**(दफा १३ को उपदफा १ सँग सम्बन्धित)**

**अनुसूची-१५**

बराहक्षेत्र नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्‌टी, सुनसरी

## सवारी लगत कट्टा रजिष्टर

| क्र.सं. | सवारी धनीको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | दस्तुर र मिति | लगत कट्टा मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** श्री ऋद्धि प्रकाश सिटौला

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ३०

**मिति :** २०७९।०८।२९

**कार्यालयको छाप :**